# जिरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जिरी, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८१।८२
चलानी नं.:

मितिः २०८१।१२।१९

सूचना ! सूचना !! सूचना !!!

## कृषि व्यावसाय (किवि प्रशोधन उद्योग स्थापना) प्रवर्द्धन कार्यक्रममा माग पेश गर्ने सम्बन्धी सूचना !!!

**(प्रथम पटक प्रकाशित मिती: २०८१।१२।१९)**

प्रस्तुत विषयमा यस जिरी नगरपालिकाले **'स्थानीय तहमा विनियोजन शसर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१'** बमोजिम आ. व. २०८१।८२ को प्रदेश सरकार, शसर्त अनुदानको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"कृषि व्यावसाय (किवि प्रशोधन उद्योग स्थापना) प्रवर्द्धन कार्यक्रम"** अन्तरगत सम्बन्धित वडा समितिको निर्णय बमोजिम किवि प्रशोधन उद्योग स्थापना गर्ने कार्यक्रम रहेकाले यस कार्यक्रममा सहभागी हुन ईच्छुक जिरी न. पा.- ०७ भित्रका सार्वजनिक/ नीजि संस्था/ कृषक समूह/ कृषि सहकारीले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति: २०८२।०१।०८ गते) सम्ममा वा अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र यस जिरी नगर कार्यपालिकाको कार्यालय, जिरी, दोलखामा तपसिल अनुसारका कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुमाथी कुनै प्रक्रिया अघि बढाउन कार्यालय बाध्य हुने छैन र यस कार्यक्रम अन्तर्गत बढिमा एकको संख्यामा प्रस्तावको छनोट गरेर पूँजीगत प्रकृतीको पूर्वाधार निर्माण तर्फ बढीमा ८० प्रतिशत सम्म अनुदान उपलब्ध गराइने छ ।

**माग पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:**

१. कार्यक्रमको व्यहोरा खुलेको कार्यक्रममा प्रस्ताव पेश सम्बन्धीको निवेदन ।
२. निवेदक/ अख्तियारी प्राप्त व्यक्तीको नागरिकताको प्रतिलिपि ।
३. अनुसूची -१ बमोजिमको प्रतिवद्धता पत्र ।
४. कृषक समूह/ कृषि सहकारी हकमा कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि ।
५. कृषक समूह/ कृषि सहकारी/ कृषि फर्मको हकमा सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नं. (पान) दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा) को स्वामित्व वा हकभोग खुल्ने क्षेत्रफल भएको कागजात ।
७. कार्यक्रम सञ्चालनको लागत अनुमान सहित कार्यक्रममा सञ्चालन गरिने प्रमुख क्रियाकलाप र कार्य विवरण ।.

***नोट:*** *माथि सूचनामा उल्लेखीत अनुसूची-१ को ढाँचा यस कार्यालयको कृषि विकास शाखा र कार्यालयको वेबसाइट www.jirimun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।*
*थप जानकारीको लागि कृषि विकास शाखा, जिरी नगरपालिका, जिरी, दोलखा । (९८४२१११९४९) ।*

२०८१।१२।१९

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत